विधेयक संख्या: ...........

गाउँ सभाबाट पारित मिति: २०७९।०९।३०

# अस्थायी, करार सेवा वा सेवा करारमा कार्यरत कर्मचारीलाई दिइने सेवा, सुविधा र सर्तका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९


कोशी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

लौकही, सुनसरी, १ नं. प्रदेश, नेपाल

अस्थायी, करार सेवा वा सेवा करारमा कार्यरत कर्मचारीलाई दिइने सेवा, सुविधा र सर्तका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९

प्रस्तावना :

कोशी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा अस्थायी, करार सेवा वा सेवा करारमा कार्यरत कर्मचारीको मनोवल उच्च बनाउन तथा कर्मचारीको सामाजिक सुरक्षालाई सुदृढ बनाउन सेवा प्रति समर्पणभाव अभिबृद्धि गर्न अस्थायी, करार सेवा, सेवा करारमा कार्यरत कर्मचारीको सेवा सुविधा र सर्त सम्वन्धि कानुन बनाउन बाञ्चनिय भएकोले नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम कोशी गाउँपालिकाको गाउँ कार्यपालिकाको गाउँसभाले यो ऐन बनाई लागु गरेको छ ।

परिच्छेद- १

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भ :-** (१) यो ऐनको नाम **"अस्थायी, करार सेवा वा सेवा करारमा कार्यरत कर्मचारीलाई दिइने सेवा, सुविधा र सर्तका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९"** रहेकोछ ।

(२) यो ऐन गाउँसभाले पारीत गरी स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

२. **परिभाषा :-** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) **"कार्यालय"** भन्नाले कोशी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ । सो शव्दले वडा समितिको कार्यालय र स्वास्थ्य संस्था समेतलाई जनाउनेछ ।

(ख) **"कर्मचारी"** भन्नाले विभिन्न पद, तह र स्तरमा यस कार्यालयमा कार्यरत अस्थायी, सेवा करार र करार सेवमा अभिछिन्न रुपमा कार्यरत कर्मचारी सम्झनु पर्छ ।

(ग) **"सुविधा"** भन्नाले कार्यालयमा कार्यरत कर्मचारी जुनसुकै कारणले सेवा निवृत हुँदा सुविधा वापत दिइने एकमुष्ट रकम सम्झनु पर्छ ।

(घ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले कार्यालयको प्रमुख प्रशासकीय अधिकृतको रुपमा काम गर्ने अख्तियारी प्राप्त अधिकृत सम्झनु पर्छ ।

## सेवा सुविधा सम्वन्धि व्यवस्था

**३. कर्मचारीको म्याद थप व्यवस्थाः** (१) यस ऐन बमोजिम सेवा करार वा करार सेवामा कार्यरत सवै तह, पद र स्तरका कर्मचारीहरुको प्रत्येक आर्थिक वर्षमा कार्यापालिकाले म्याद थप गरिनेछ ।

(२) उपदफा (१) बमोजिम म्याद थपिने कर्मचारी कार्यालयको अभिलेखमा स्विकृत दरबन्दिमा कार्यरत रहेको हुनु पर्नेछ ।

**४. अभिलेख व्यवस्थापनः** यो ऐन प्रारम्भ भएको मितिले पन्ध्र दिनभित्र स्विकृत दरवन्दिमा अस्थायी, करार सेवा वा सेवा करारमा कार्यरत सम्पूर्ण कर्मचारीको अभिलेख तयार गरी प्रशार.कीय अधिकृतले प्रमाणित गराई राख्नु पर्नेछ ।

**५. मासिक तथा दैनिक ज्यालादारीमा कार्यरत कर्मचारीका सम्वन्धमा** : (१) यो ऐन प्रारम्भ हुनुभन्दा अघिबाट निरन्तर कार्यालयको स्वीकृत दरबन्दिमा मासिक वा दैनिक ज्यालादारीमा कार्यरत कर्मचारीलाई करार सेवामा आवश्यक प्रक्रिया पुरा गरि नियुक्ति दिइनेछ ।

(२) उपदफा (१) बमोजिम करारमा नियुक्ति गर्दा खुल्ला प्रतिस्पर्धाबाट गरिनेछ । तर मासिक तथा दैनिक ज्यालादारीमा कार्यरत समान तहको पदमा उम्मेदबार हुन उमेरको हद लाग्ने छैन ।

**६. सेवा सुविधा सम्वन्धि व्यवस्थाः** यस ऐन बमोजिमका अस्थायी, करार सेवा वा सेवा करारमा कार्यरत कर्मचारीले अवकाश पाएमा वा राजिनामा स्वीकृत गराई पदबाट अलग भएमा वा भविष्यमा स्थानीय निकायको सेवाको निम्ती अयोग्य नठहरिने गरी पदबाट हटाईएमा वा अवकाश दिएमा आ.ब. २०७४/०७५ भन्दा अगाडीदेखि अस्थायी, करार सेवा वा सेवा करारमा कार्यरत कर्मचारीहरुलाई देहायको दरले सुविधा रकम उपलब्ध गराईने छ ।

(क) पाच वर्षसम्म सेवा गरेका करार कर्मचारीले आफुले काम गरेको प्रत्येक बर्षको निम्ती खाईपाई आएको आधा महिनाको तलब बराबरको रकम

(ख) छ वर्षदेखि दश वर्षसम्म सेवा गरेका करार कर्मचारीले आफुले काम गरेको प्रत्येक बर्षको निम्ती खाईपाई आएको एक महिनाको तलब बराबरको रकम

(ग) एघार वर्षदेखि पन्ध्र वर्षसम्म सेवा गरेका करार कर्मचारीले आफुले काम गरेको प्रत्येक बर्षको निम्ती खाईपाई आएको सबा महिनाको तलब बराबरको रकम

(घ) सोह्र वर्षदेखि माथि जति सुकै वर्ष सेवा गरेका करार कर्मचारीले आफुले काम गरेको प्रत्येक बर्षको निम्ती खाईपाई आएको डेढ महिनाको तलव वरावरको रकम

(ङ) आ.ब. २०७४/०७५ भन्दा पछि अस्थायी, करार सेवा वा सेवा करारमा कार्यरत कर्मचारीहरुको हकमा नेपाल सरकारबाट संचालित योगदानमा आधारित सुविधा प्रदान गरिनेछ ।

७. **संचयकोष जम्मा गर्ने:** अस्थायी, करार तथा सेवा करारमा कार्यरत कर्मचारीहरुले पाउने प्रत्येक महिनाको तलबबाट १०% रकम कट्टा गरी सो रकममा गाउँपालिकाबाट सत प्रतिशत रकम थप गरी हुन आउने रकम संचयकोषमा जम्मा गर्नुपर्नेछ । उक्त रकम जम्मा गर्ने कर्मचारी कुनै करणले सेवाबाट अलग भएमा निज वा निजले इच्छाएको त्यस्तो व्यक्तिले एकमुष्ठ लिन पाउनेछ ।

८. **विदा सम्वन्धि व्यवस्था:** यस ऐन बमोजिमको कर्मचारीले आ.ब. **२०७४/०७५** भन्दाअघिदेखि कार्यरत कर्मचारीको हकमा आफ्नो संचित रहेको बिदा अनुसार नै देहाय बमोजिमको विदा पाउने छन् र आ.ब. **२०७४/०७५** भन्दापछि नियुक्ति भएका कर्मचारीहरुले यो ऐन लागु भए पछि स्थायी कर्मचारी पाए सरह देहायका विदा पाउनेछन्:

(क) विरामी विदा : वर्ष १२ दिन

(ख) घर विदा : वर्षको ३० दिन

(ग) भैपरी र पर्व विदा : वर्षको १२ दिन

(घ) प्रसुति विदा : ९८ दिन

(ङ) प्रसुति स्याहार विदा: १५ दिन (दुई पटक)

(च) क्रिया विदा : १५ दिन

९. **कोषको व्यवस्था:** यस ऐन बमोजिमका कर्मचारीलाई दिइने सुविधा वा एक मुष्ट अनुदान तथा सञ्चित विदाहरुको रकम प्रदान गर्न गाउँपालिकाले एक कोष स्थापना गर्नेछ साथै उक्त कोषमा योगदानमा आधारित सुविधाका लागि प्रत्येक महिनाको तलवबाट ६% रकम कट्टा गरी सो रकममा गाउँपालिकाबाट सत प्रतिशत रकम थप गरी हुन आउने रकम समेत कोषमा जम्मा गर्नु पर्नेछ । उक्त कोषको सञ्चालन आवश्यक कार्यविधि बनाई सञ्चालन गर्नेछ ।

१०. **कार्य सम्पादन मुल्यांकन** : यस ऐन बमोजिम अस्थायी, सेवा करार वा करार सेवाका कर्मचारीहरुको प्रत्येक बर्ष "करार सेवामा कार्यरत कर्मचारीहरुको कार्य सम्पादन स्तर मुल्यांकन तथा नयाँ अवधिको लागि करार सम्झौता सम्बन्धी मापदण्ड, २०७९" बमोजिम हुनेछ ।

११. **पद मुक्त हुने अवस्था** : यस ऐन बमोजिमको अस्थायी, करार सेवा वा सेवा करारमा कार्यरत कर्मचारीहरु देहायको अवस्थामा मात्र पद मुक्त हुनेछन् ।

(क) प्रचलित कानुन बमोजिम लोक सेवा आयोगबाट स्थायी, अस्थायी, सेवा करार वा करार सेवामा नियुक्ति पाएको कर्मचारीहरुको दरवन्दिमा स्थायी पदपूर्ति भएमा,

(ख) निजले राजिनामा दिएमा,

(ग) प्रचलित कानून बमोजिमकोप्रक्रिया अवलम्बन गरी विभागीय कारवाही भएमा,

(घ) कार्यपालिकाले म्याद थप नगरेमा,

कोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भौकही, सुनसरी
कोशी प्रदेश, नेपाल

(ङ) खण्ड (घ) मा जुन सुकै कुरा लेखिएको भएता पनि प्रचलित कानुन बमोजिम विभागीय कारवाहीको प्रक्रिया अवलम्बन गर्ने विभागीय कारवाही र सजाय प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ ।

(च) करार सेवामा कार्यरत कर्मचारीहरुको कार्य सम्पादन स्तर मुल्यांकन तथा नयाँ अवधिको लागि करार सम्झौता सम्बन्धी मापदण्ड, २०७८ अनुसार तोकिएको न्यूनतम अंक प्राप्त नगरेमा,

१२. **कर्मचारीको दायित्व** : (१) यस ऐन बमोजिमका कर्मचारीले कार्यालयको निर्देशनमा निजको पद, तह, योग्यता र अनुभव बमोजिम कार्यालयको जुनसुकै प्रकृतिको काम र समयमा आफ्नो सेवा उपलब्ध गराउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निर्देशन नमानेमा यस ऐन बमोजिमको अधिकारीले कर्मचारीलाई विभागीय कार्वाहीको प्रक्रिया अवलम्बन गरी विभागीय कारर्वाही र सजाय गर्न सक्नेछ ।

१३. **दण्ड सजाय** : यस ऐन बमोजिमका कर्मचारीलाई निजामती सेवा ऐन, २०४९ बमोजिम नै दण्ड सजाय हुनेछ ।

१४. **नियम बनाउन सक्ने**: यस ऐनको अधिनमा रही कार्यपालिकाले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

१५. **खारेजी** : यो ऐन प्रारम्भ हुन अघि कायम रहेको "कर्मचारीको स्थायी तथा करारमा नियुक्ति गर्ने सम्वन्धमा व्यवस्था गर्ने सम्वन्धि ऐन, २०७७" यो ऐन प्रारम्भ भएपछि स्वत: खारेज हुनेछ